मिति २०८१/११/०१ गते

<u>प्रस्तावहरु</u>

१. धन्यवाद ज्ञापन सम्बन्धमा।

२. प्रोत्साहन रकम सम्बन्धमा।

३. १५ शैया अस्पताल निर्माणको हिसाव मिलान सम्बन्धमा।

४. समिक्षा सम्बन्धमा।

<u>निर्णयहरु</u>

निर्णय नं.१: प्रस्ताव नं.१ माथि छलफल गर्दा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट आ.व. २०८०/०८१ को कार्य सम्पादन मूल्याङ्कन हुँदा यस ठोरी गाउँपालिका मधेश प्रदेशकै सर्वोत्कृष्ट स्थानीय तह भएकोमा कार्य सम्पादन गर्ने कार्यमा अहोरात्र खटनु भएका ठोरी गाउँपालिकाका सम्पूर्ण पदाधिकारी तथा कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो।

निर्णय नं.२: प्रस्ताव नं.२ माथि छलफल गर्दा आ.व. २०८०/०८१ को यस ठोरी गाउँपालिकाको संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा पर्सा जिल्ला समन्वय समितिबाट पृष्ठपोषण भई कुल प्राप्ताङ्क ८१ र स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन(FRA) मा प्रारम्भिक नतिजा ७४ अङ्क तयार गरी पर्सा जिल्ला समन्वय समितिमा पेश गर्दा पर्सा जिल्ला समन्वय समितिबाट अन्तिम नतिजा ६४ अङ्क प्राप्त गरेको एवम् राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा स्थानीय तह कार्य सम्पादन मूल्याङ्कनको लागि कागजात तथा प्रतिवेदन तयार गर्ने सिलसिलामा अहोरात्र खटनु हुने प्रमुख प्रशासकीय अधिकृत धर्मराज बहादुर थापा, स्वास्थ्य शाखा प्रमुख ( सूचना अधिकारी थप जिम्मेवारी ) रमेश राज चिङ, लेखा अधिकृत बुद्धि सागर मरहट्टा, सूचना प्रविधि अधिकृत राजाबाबु पटेल र कार्यालय सहयोगी भोज बहादुर श्रेष्ठलाई एक महिनाको तलब बराबर प्रोत्साहन रकम उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं.३: प्रस्ताव नं.३ माथि छलफल गर्दा अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तरगत निर्माण भईरहेको १५ शैया अस्पतालको आठौं रनिङ बील सम्म भुक्तानी हुदा बढी भुक्तानी भएको मूल्य समायोजन रकम रु. १,०३,८७,४६०/-( अक्षरेपि एक करोड तीन लाख सतासी हजार चार सय साठी ) र रनिङ बिलमा जोडजम्मा छुट रकम रु. ३८,२०,०००/-( अक्षरेपि अठतिस लाख बीस हजार ) नवौं रनिङ बीलबाट कट्टी गरी बाँकी रकम भुक्तानी गर्ने र सोको जानकारी महालेखा परीक्षकको कार्यालयमा गराउने निर्णय गरियो।

निर्णय नं.४: प्रस्ताव नं.४ माथि छलफल गर्दा यस गाउँपालिकाको कार्यालय, मातहतका कार्यालय, विषयगत शाखाहरु र समिति/उपसमितिहरुबाट भए गरेका कार्यक्रमहरुको समिक्षा गरियो।

धर्मराज बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत